# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

**मुख्य शाखा कार्यालय**

**राजापुर, बर्दिया**

**पुन:दोस्रो पटक पकाशित मिति २०८२।०५।०४ गते**

**कनिका,ब्रान र भुस बिक्री सम्बन्धि पुन:दोस्रो पटक सिलबन्दि दरभाउ पत्र आव्हानको सुचना।**

चालु आ.व. ०८१।०८२ को माघ सम्म खरिद भएको धान ३७७०१।६७ क्वी.बाट उत्पादन हुने अनुमानित करिब कनिका ३५३८.०० क्वी.,ब्रान ३०५३.०० क्वी. र भुस करिब १३५ ट्राली (जुट ठुलो बोराको १२० बोराले भरिने ट्रेक्टरको ट्राली) देहायका शर्तहरुको अधिनमा रही बिक्री गर्नु पर्ने भएकाले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड खरिद विभाग (खरिद व्यवस्थापन शाखा) प्रधान कार्यालय काठमाडौको पत्र सख्या २०८२।०८३ चलानी नम्वर ३७ मिति २०८२।०५।०३ गतेको पत्रको निर्देशन अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड खरिद तथा आर्थिक प्रशासन विनियमावली २०७९ को विनियम ९९ बमोजिम शिलबन्दी दरभाउ पत्र आव्हानको पुन: दोस्रो पटक सुचना प्रकाशित गरिएको हुदाँ खरिद गर्न चाहने इच्छुक फर्म वा कम्पनिहरुले शिलबन्दी दरभाउ पत्र पेश गर्न हुन पुन: यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु :-**

१. दरभाउ पत्र मिति २०८२।०५।०५ गते देखि मिति २०८२।०५।१९ गते सम्म कार्यालय समय भित्र प्रति थान दरभाउ पत्र रु.१०००।-(एक हजार) ( फिर्ता नहुने गरि ) तिरि यस कार्यालयबाट खरिद गर्न सकिने छ।

२. दरभाउ पत्र फारम मिति २०८२।०५।२० गते दिनको १२:०० बजे सम्म कम्पनीको राजापुर कार्यालयमा दर्ता गराउनु पर्ने छ। दर्ता हुन आएका बोलपत्रहरु ईलाका स्तरिय कार्यालयहरु र बोल पत्र दाता वा निजको प्रतिनिधीको रोहबरमा सोही दिनको २:०० बजे खोलिने छ तर बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन।

३. दरभाउ पत्रदाताले के कति दरमा उप-पदार्थहरु खरिद गर्ने हो अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा कवोल दर फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ।

४. दरभाउ पत्र साथ फर्म रजिष्ट्रेसनको प्रमाण पत्र , स्थायी लेखा नम्वर / मूल्य अभिवृद्धि कर नम्वर , कर चुक्ता प्रमाण पत्र आदि कागजको प्रमाणित छाया प्रति पेश गर्नु पर्नेछ।

५. प्रत्येक उप-पदार्थको छुट्टा छुट्टै बोलपत्र पेश गर्नु पर्नेछ र दरभाउपत्र साथ आफुले कबोल गरेको रकमले सूचनामा उल्लेख गरेको परिमाणको हुने रकमको ३% ले हुने रकम धरौटी बापत कम्पनीको प्रधान कार्यालय काठमाडौको ने.बै.लि.धर्मपथ स्थित चल्ती खाता ००२००१००५०२४२४००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा दरभाउ पत्र पेश गरेको मितिले कम्तीमा ६ (छ) महिना अवधि भएको बैंक जमानी ( विड वोण्ड )पेश गर्नु पर्नेछ।

६. दरभाउ पत्र दाताले आफुले खरिद गर्न चाहेको उप-पदार्थको दर प्रति क्वीण्टल/ प्रति ट्राली स्पष्टसंग उल्लेख गर्नु पर्ने छ।

७. न्यूनतम लागत मूल्य भन्दा माथि सबै भन्दा बढि अंक कवोल गर्ने फर्म वा कम्पनीको दर लाई स्वीकृत गरिने छ र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार स्थानिय प्राथमिक खरिद समिति वा कम्पनीको प्रधान कार्यालयलाई हुनेछ।

८. रित नपुगेको र म्याद नाघी आएको दरभाउ पत्रलाई मान्यता दिईने छैन।

९. दरभाउ पत्र दर्ता गराउने र खोल्ने दिनमा विदा परेमा सोको भोली पल्ट सम्म बुझाउने र खोलिने म्याद कायम रहनेछ।

१०. खरिद कर्ताले खरिद गर्ने उप-पदार्थहरु हेर्न र अन्य केही बुझ्न चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

११. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिनभित्र ५ प्रतिशत धरौटी पेश गरी सम्झौता गर्नु पर्नेछ र उप-पदार्थ खरिद गर्दा लाग्ने मुल्य वरावरको रकम कार्यालयमा अग्रिम दाखिला गरि रित पूर्वक कम्पनीको गोदाममा तौलाई चौकाई गरि राखेको उप-पदार्थ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा उठाउनु पर्नेछ।

१२. उप-पदार्थ खरिद गर्दा लाग्ने पल्लेदारी खर्च/अन्यखर्च/कर आदि सबै खरिद कर्ता स्वयंले तिर्नु पर्नेछ।

१३. उपरोक्त उप-पदार्थहरुको न्युनतम लागत मूल्य तपशिल बमोजिम रहेको छ।

कनिका प्रति क्वी. रु. ३८००।- (अक्षेरुपी तिनहजार आठ सय मात्र )

ब्रान प्रति क्वी. रु. ३६००।- ( अक्षेरुपी तिनहजार छ सय मात्र )

भुस प्रति ट्राली रु.२२,०००।- (अक्षेरुपी बाईस हजार मात्र )

०८२/०५/०४

( कमल राज पाण्डे )

मुख्य शाखा प्रमुख

CamScanner